# ऊर्जा मन्त्रालय

मिति : २०७१/०७/१७

## प्रेस विज्ञप्ति

नेपाल भारत वीच "विद्युत व्यापार, सीमापार प्रसारण लाइन संयोजन एवं प्रसारण सञ्जाल संयोजन सम्झौता (Agreement Between The Government of Nepal and The Government of The Republic of India on Electric Power Trade, Cross Border Transmission Interconnection and grid Connectivity)" मा यही October 21, 2014 तदनुसार ४ कार्तिक २०७१ मा ऊर्जा मन्त्री श्री राधा कुमारी ज्ञवालीको उपस्थितिमा नेपालका ऊर्जा सचिव श्री राजेन्द्र किशोर क्षेत्री र भारतका विद्युत सचिव श्री प्रदीप कुमार सिन्हाले हस्ताक्षर गर्नुभयो । विद्युत व्यापार सम्झौताबाट दुवै देशको विद्युत व्यापारमा प्रतिवद्धता व्यक्त भएको, नेपालमा भएको विद्युत माग र आपूर्ति वीच सुख्खायाम र वर्षायाममा हुने असन्तुलन (Seasonal Imbalance) लाई सम्वोधन गर्न सकिने, विद्युत व्यापारबाट राष्ट्रिय आम्दानी वृद्धि गर्ने (व्यापार घाटा कम हुने) तर्फ कार्य गर्न सकिने, वैदेशिक लगानीको लागि अनुमानयोग्य वातावरणको सिर्जना हुने, उत्पादित विद्युतको बजारको सुनिश्चितताको कारणबाट लगानीकर्ताहरुले निर्धक्क भई नेपालको जलविद्युतमा लगानी गर्नसक्ने, देशमा हाल भएको विद्युतको कमिबाट भएको लोडसेडिङ्ग कम गर्न तत्काल विद्युत आयात (Import) गर्न सकिने, बोलकबोल प्रथाबाट संचालन हुने अल्पकालीन विद्युत बजार (Spot Market) मा एक अर्को देशले भाग लिन पाउने, आदि व्यवस्था गरिएको छ ।

पञ्चेश्वर विकास प्राधिकरणको संचालक समिति (Governing Board) को प्रथम बैठक यही September 22-23, 2014 मा काठमाडौंमा बस्यो । उक्त बैठकको नेपालका ऊर्जा सचिव श्री राजेन्द्र किशोर क्षेत्री र भारतका जलश्रोत सचिव श्री आलोक रावतले संयुक्त रुपमा अध्यक्षता गर्नु भएको थियो । बैठकले विस्तृत आयोजना प्रतिवेदनलाई थप अध्ययन गरी एकिकृत रुपमा तयार गर्ने, पञ्चेश्वर विकास प्राधिकरणलाई आवश्यक जनशक्ति मध्येका प्रमुख कार्यकारी अधिकृत नेपालबाट, अतिरिक्त प्रमुख कार्यकारी अधिकृत भारतबाट साथै ३-३ वटा कार्यकारी निर्देशक क्रमश: नेपाल र भारतबाट खटाउने, प्राधिकरणको विधान स्विकृत गर्ने; र प्राधिकरणको लागि तत्काल आवश्यक रकम (Corpus Fund) प्रत्येक देशबाट रु. १६ करोड प्रदान गर्ने निर्णय गऱ्यो ।

भारतको नयाँ दिल्लीमा १६-१७ अक्टुबर २०१४ तदनुसार ३०-३१ असोज २०७१ मा आयोजना गरिएको सार्क ऊर्जा मन्त्रीहरुको पाँचौ बैठकमा ऊर्जा मन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले भाग लियो । सो बैठकले क्षेत्रीय ऊर्जा सहयोगको लागि छाता सम्झौता (Framework Agreement for Energy Cooperation (Electricity)) लाई पारित गऱ्यो । सार्क सदस्य राष्ट्रहरुले आ-आफ्नो सरकारबाट स्वीकृतिको औपचारिकता पूरा भएपछि उक्त सम्झौतामा यही आगामी सार्क शिखर सम्मेलनमा हस्ताक्षर हुने कार्यक्रम छ ।

South Asia Subregional Economic Cooperation (SASEC) Power System Expansion Project अन्तर्गतको Marsyangdi Corridor Transmission Lines को लागि यूरोपियन इन्भेष्टमेन्ट बैंकबाट प्राप्त हुने १२० मिलियन अमेरिकी डलर बराबरको ऋण सहायता सम्बन्धी वार्ता यही नोभेम्बर महिनाको अन्तिम हप्तामा लक्जेम्बर्गमा हुने तय भएको छ ।

नेपाल सरकार र ९०० मे.वा. क्षमताको माथिल्लो कर्णाली जलविद्युत आयोजना बीच आयोजना विकास सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ । ९०० मे.वा. को अरुण-३ र २१६ मे.वा.को माथिल्लो त्रिशुली-१ जल विद्युत आयोजनाको लागि पनि छिट्टै आयोजना विकास सम्झौता गर्ने गरी तयारी भइरहेको छ ।

ऊर्जा मन्त्रालय अर्न्तगत आ.व. २०७१/७२ मा जम्मा ३५ वटा कार्यक्रमहरु संचालनमा रहेकोमा हालसम्म २८ वटा कार्यक्रम स्वीकृत भइसकेका छन् भने बाँकी कार्यक्रमहरु स्विकृतीको प्रकृयामा रहेका छन् ।

विद्युत विकास विभागको महानिर्देशकको जिम्मेबारी श्री दिनेश कुमार घिमिरेलाई दिइएको छ भने नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा श्री मुकेश राज काफ्ले संग २ वर्षको लागि कार्य सम्पादन सम्झौता गरी नियुक्ति गरिएको छ ।

यस अवधिमा १८० मे.वा. क्षमताको आँधीखोला जलाशययुक्त आयोजनाको सर्वेक्षण अनुमतिपत्र जारी गरिएको छ भने ८६ मे.वा. क्षमताको सोलुखोला (दूधकोशी) जलविद्युत आयोजना, ७ मे.वा. क्षमताको मोलुनखोला जलविद्युत आयोजना, ८.३ मे.वा. को सभाखोला ए जलविद्युत आयोजना गरी कुल १०१.३ मे.वा. क्षमताको उत्पादन अनुमतिपत्र जारी गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७१/०७/११ को पत्र मार्फत ताप्लेजुङ जिल्लाको ९.७ मे.वा. क्षमताको माथिल्लो इङ्वा खोला साना जलविद्युत आयोजना, पाँचथर र ताप्लेजुङ जिल्लामा पर्ने ३७.६ मे.वा. क्षमताको कावेली-ए जलविद्युत आयोजना, सिन्धुपाल्चोकको २० मे.वा. क्षमताको तल्लो बलेफी जलविद्युत आयोजना, ४.५३३ मे.वा. क्षमताको बलेफी जलविद्युत आयोजनाहरुको अनुमतिपत्र रद्द गर्न निर्देशन भई आएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७१/०५/२४ को पत्र मार्फत कास्की जिल्लामा पर्ने ६ मे.वा. क्षमताको करुवा जलविद्युत आयोजना, ४.५ मे.वा. क्षमताको तल्लो इन्द्रावती जलविद्युत आयोजना, लमजुङ्ग जिल्लामा पर्ने छाहरेखोला जलविद्युत आयोजना, लमजुङ्ग जिल्लामा पर्ने ३.४ मे.वा क्षमताको मिदिम जलविद्युत आयोजना, रसुवा जिल्लाको १४.३ मे.वा. क्षमताको माथिल्लो मैलुङ्ग जलविद्युत आयोजना, सोलुखुम्बु जिल्लाको १४ मे.वा. क्षमताको माथिल्लो सोलुखोला जलविद्युत आयोजनाहरुको अनुमतिपत्र रद्द गर्न निर्देशन भई आएको छ । साथै, ४०० मे.वा. क्षमताको तल्लो अरुण जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र रद्द गरी नेपाल सरकार वा अन्तर्गत निकायबाट नै निर्माण गराउने निर्देशन भई आएकोमा सो बमोजिम उक्त अनुमतिपत्र रद्द गरिसकिएको छ ।

नेपाल सरकार
ऊर्जा मन्त्रालय
२०६६

(केशवध्वज अधिकारी)
सहसचिव तथा प्रवक्ता